यौन दुराचार
जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट
सजग र सचेत रहौं,
आफु पनि बचौं र अरुलाई
पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily





वर्ष ९ अंक ४५ | १३ भदौ २०८० बुधबार | 30 August 2023 Wednesday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# एमसीसीका नाममा देश लुट्न पाइँदैन: विप्लव




बुटवल, १२ चैत

नेकपा महासचिव नेत्रविक्रम (विप्लव) सीले एससीसीका नाममा नेपाल लुट्न नपाइने बताएका छन् । एमसीसी पारित गर्न मुख्य भूमिका खेलेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै अगाडि विप्लवले यस्तो चेतावनी दिएका हुन् ।

बुटवलमा समाजवादी मोर्चाले मंगलबार आयोजना गरेको सन्देशसभामा बोल्दै उनले बुधबारबाट सुरु हुन लागेको एमसीसी परियोजनाविरुद्ध आफ्नो पार्टी कडाइका साथ लाग्ने बताए । उनले भने- नेपालको कानुन, सार्वभौमिकता मिचेर अगाडि बढ्न दिँदैनौ, नेपाललाई निस्वार्थ सहयोग गर्नेको हामीले विरोध गरेको होइन तर शर्तसहितको सहयोग हामीलाई चाहिदैन, समाजवादी मोर्चाले त्यसलाई स्वीकार गर्दैन, अहिलेको अवस्थामा एमसीसी अगाडि बढ्न सक्दैन । यसमा प्रधानमन्त्रीको ध्यान जाओस् ।

विश्वमा नै समाजवादविरुद्ध हमला भइरहेकाले त्यसविरुद्ध एक्लै लडेर जान नसकिने भएकाले अहिलेको मोर्चा बनेको बताए । उनले समाजवादी मोर्चाको बचाउ गर्दै अहिलेको आवश्यकताले यो गठन भएको दाबी गरे ।

यो कुनै व्यक्तिगत चाहनाबाट नभएर अहिलेको आवश्यकतामा आधारित भएर गठन भएको छ । राजनीतिक धेरै उपलब्धी धेरै भएका छन्, तर पूँजीवाद आयो, आर्थिक क्षेत्रमा, सामाजिक क्षेत्रमा धेरै चाहेका उपलब्धी भएनन् अब एक्लै हिँडेर त्यो उपलब्धी हुनसक्दैन भनेर समाजवादी आन्दोलनका लागि यो मोर्चा बनेको हो, नेता विप्लवले भने- विश्वबाट नै दलाल पूँजीवादी तत्वले सत्ता कब्जा गर्न खोजेको अवस्थामा समाजलाई निराशा बनाउन नदिन यो मोर्चा तयार भएको, यसले नैराश्यता हटाउन सहयोग गर्ने उनको दावी छ, धेरै उलपब्धी भएका छन् ।

उनले नेपाली जनता संघर्षमा गुज्रेका छन् भन्ने मात्र होइन त्यो संघर्ष मानेर नयाँ चिज खोजेको र पुरानाबाट धेरै चिज संभव नभएको दावी गरेका छन् ।

उनले माओवादी अध्यक्ष प्रचण्डको प्रशंसा गर्दै यो मोर्चा बनाउन धेरै त्याग गरेको बताएका छन् । 'धेरैलाई आश्चर्य लागेको छ, सरकारको नेतृत्व गरेका प्रचण्डको नेतृत्वमा किन मोर्चा बन्यो, नेकपा किन सहभागी भयो, यसमा प्रचण्डको ठूलो त्याग छ, सत्ता र यो मोर्चा फरक हो', उनले भने ।

महासचिव विप्लवले भने, 'यो देशलाई साम्राज्यवादको चंगुलबाट मुक्त गराउन चाहेका छौं, त्यसैका लागि यो मोर्चा बनेको हो, हामीलाई सरकारमा जाने लोभ छैन । मोर्चाको लक्ष्य भ्रष्टाचारको विरुद्ध, सुशासनको पक्ष र नेपाली विशेषताको समाजवादतिर लैजाने हो ।'

# नौमुरे' जलविद्युत् आयोजनाको ८२ प्रतिशत रकम फ्रिज



अर्घाखाँची १२ भदौ

लुम्बिनी प्रदेशका पाँच जिल्लालाई प्रत्यक्ष फाइदा पुग्ने 'नौमुरे' बहुउद्देश्यीय जलविद्युत् आयोजनाको काम अगाडि नबढ्दा ८२ प्रतिशत रकम फ्रिज भएको छ ।

अर्घाखाँचीको शीतगङ्गा नगरपालिका-८, सातमारामा रहेको आयोजनाले गत आर्थिक वर्ष २०७९/८० मा बजेटको कूल ८२ प्रतिशत रकम फ्रिज भएको छ। १७ दशमलव ४७ प्रतिशत रकम मात्र खर्च गरेको छ ।

आयोजनाको काम अघि बढ्न नसक्दा बजेट फ्रिज गएको हो । चालु र पुँजीगत गरेर रु छ करोड ७९ लाख ५३ हजार रकम विनियोजन भएकामा जम्मा रु एक करोड १८ लाख ७६ हजार खर्च भएको नौमुरे बहुउद्देश्यीय आयोजना अर्घाखाँचीका प्रमुख जयराम प्रजापतीले बताए ।चालु खर्चतर्फ रु एक करोड ८५ लाख ५३ हजार विनियोजन भएकामा रु ४२ लाख ६९ हजार खर्च भएको छ ।

दरबन्दीअनुसारको कर्मचारी नहुँदा चालु खर्चको रकम फ्रिज भएको आयोजनाको पुँजीगततर्फ रु चार करोड ९४ लाख विनियोजन भएकामा रु ७६ लाख सात हजार मात्र खर्च भएको देखिन्छ ।

कार्यालयको रु पाँच करोड ६० लाख ७७ हजार फ्रिज गएको हो । जुन कूल बजेटको ८२ दशमलव ५३ प्रतिशत रकम हो ।

सम्भाव्यता अध्ययनअनुसार सात वर्षभित्र आयोजना सम्पन्न हुने लक्ष्य लिए पनि उद्देश्यअनुरुप काम भने हुन सकेको छैन ।

कार्यालयका प्रमुखदेखि अन्य कर्मचारीले तलब भत्ता खानुबाहेक अन्य प्रगति शून्यजस्तै छ ।

बजेट हुँदाहुँदै काम गर्न नसक्नु कार्यालयको कमजोरी रहेको स्थानीयले बताएका छन् । आयोजनाको मुख्य काम बाँकी नै रहे पनि अन्य कार्य अगाडि बढेको कार्यालय प्रमुख प्रजापतीले जानकारी दिए ।

रिभर ट्रेनिङ वर्कको डिजाइन तयार पार्ने कार्य, आयोजना क्षेत्रको जग्गा अधिग्रहणसम्बन्धी कार्य, जलाधार क्षेत्र संरक्षणसम्बन्धी कार्य, जलाशयको परिधि छुट्टाउने कार्य, शीतखोला पुलको डिजाइन तयार पार्ने कार्यजस्ता काम सम्पन्न भएको उनको भनाइ छ ।

# कपिलवस्तुमा ६० दिन बढी बक्यौता रहेका लाइन काटिए




**पार्वती पाण्डे**

कपिलवस्तु १२ भदौ

कपिलवस्तु नगरभित्र ६० भिन भन्दा बढी समय देखि बिद्युत महसुल नबुझाउनेको लाईन काटिएको हो ।बिद्युत बक्यौता र चुहावट बढदै गए पछि नेपाल बिद्युत प्राधिकरण तौलिहवा बितरण केन्द्रले चुहावट नियन्त्रण तथा बक्यौता असुली अभियान चलाएको हो । प्राधिकरणको प्रादेशिक कार्यालय बुटवल र तौलिहवा बितरण केन्द्रले आईतवार देखि संयुक्त अभियान संचालन गरेको हो ।

बिद्युत प्राधिकरण तौलिहवा बितरण केन्द्रले बक्यौता रकम बढदै गएको र महसुल तिर्न ग्राहले आनकानी गरे पछि लाईन काटने अभियान नै चलाएको हो । पटक पटक सुचना निकाल्दा र ताकेता गर्दा पनि सुनुवाई नभए पछि आफुहरुले लाईन काटने अभियान चलाएको प्राधिकरण तौलिहवा बितरण केन्द्रका प्रमुख राजेश कुमार झाले बताए ।

बिद्युत बक्यौता रहेका प्रतिष्ठित ब्यक्ति, सरकारी कार्यालय गाउँपालिका स्वास्थ्य चौकी लगायतका पुराना तथा बढी बक्यौता रहेकाहरुको धमाधम लाईन काटन सुरु गरेको प्राधिकरण तौलिहवा बितरण केन्द्रका प्रमुख राजेश कुमार झाँले बताए। आईतावार टोलीले श'द्धोधन गाउँपालिका र मायादेबी गाउपालिकाका बक्यौता नबुझाएका २० बढी प्रतिस्ठित ब्यक्तिहरुको लाईन काटेको थियो । तिनीहरुले १५ लाख बढीको बक्यौता तिर्न बाकी छ । उनीहरुले कुल ९७ लाख बढी बक्यौता तिर्न बाकी छ। लाईन काटेको धेरै दिन सम्म पनि बिद्युत नतिर्ने ग्राहकको ३ पुस्ते बिवरण सहीत कालो पाटीमा समेत राख्ने तयारी गरिएको प्राधिकरणका प्रमुख झाले बताए। कृष्णगनर बितरण केन्द्रमा मात्र ३० करोड बढी बक्यौता उठन बाकी छ।




## सम्पादकीय

# ललिता निवासको लहरो !

भुटानी शरणार्थी काण्डको मामलाले देशैभरि र विदेशमा समेत हल्लीखल्ली मच्चाएका बेला त्यसलाई मत्थर पार्न भनेर ल्याइएको ललिता निवास प्रकरणको फाइलले मान्छेलाई रणभुल्लमा पारेकै थियो । 'माछो माछो भ्यागुतो'को खेल रहेछ भन्ने विषय यतिबेला बल्ल थाहा भएको छ धेरैलाई । कारण सरकारले जारी अनुसन्धानलाई प्रभावित पार्न त्यस्तै खालको अर्को फाइल खोलेर विषयान्तर गर्न सजिलै सक्दो रहेछ भन्ने चाल पाएको छ दुनियाले । भुटानी शरणार्थी प्रकरण पनि बाहिर आउने रहेनछ अमेरिकाले दह्रो खालको दबाब र धम्की नदिएको भए । दह्रै दनक दिन थालेको अमेरिकी तयारी थाहा पाएपछि लाज छोप्न अनुसन्धान अगाडि बढाउँदै जाँदा कोही नबँच्ने अवस्था आएर तीन दलको शीर्ष नेतृत्वले सामसुम पार्ने सहमति गर्‍यो । सोही अनुसार थन्कियो, थन्क्याइयो । त्यो सहमतिका बारेमा थाहा पाएका जनताले नेताको जरो उखेल्न नथालुन भनेरै विषयान्तर गर्न अगाडि सारिएको रहेछ भन्ने भेद त प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो(सिआईबी)को फाइल सरकारी वकिल कहाँ पुग्दा वित्तिकै खुल्यो । व्यक्ति र शक्ति हेरेर मुद्दा लगाउने र छूटदिन थालेपछि । मालपोत कार्यालयका खरिदारदेखि लिएर प्रधानमन्त्रीसम्म मुछिएको त्यो काण्डमा पनि पुरानै पारा दोहोर्‍याइयो - सानालाई ऐन, ठूलालाई चैन !

सरकारी वकिलको कार्यालयले संगठित अपराधलाई ढाकछोप गरी कीर्ते कसुरमा मात्रै मुद्दा चलाउने भन्दा वित्तिकै हिरासतमा रहेका पहुँचवालाहरु छुटे सजिलै । कीर्ते कसुर भनेको जम्मा एकवर्षसम्मको सजाय हुने खालको मुद्दा रहेछ । कानुनविदहरु भन्छन् - अदालतको पनि अपमान भयो यो त, जबकि अदालत आफैले कीर्ते र संगठित अपराधमा अनुसन्धान गर्न भनेको थियो सिआईबीलाई । अनि थियो 'सरकारी जग्गा व्यक्तिका नाममा लैजान निर्णय गर्ने 'निर्णयाधिकारी'माथि समेत अविलम्ब अनुसन्धान गर्न ।' गाल टार्नकै लागि सही, प्रहरीले गरेको अनुसन्धानलाई अरु अगाडि बढाउन प्रोत्साहन गर्नु पर्थ्यो वकिलले त । गरेन त्यो । दबामा पर्‍यो । अदालती आदेश भन्दा नियुक्ति दाताको सहमति हेर्‍यो । त्यसैले भन्नै पर्ने हुन्छ - बदमासी गर्‍यो । तर जे भयो यति हुनु पनि नहुनुका तुलनामा भएको मान्न पर्छ । साँच्चैको हुनुपर्ने कामचाहिँ भएन, पुग्नुपर्ने ठाउँसम्म पुगेन, लगाउनु पर्ने मुद्दा र कसुर लगाएन । पहुँच भएकालाई छाड्यो । यसमा पनि गठबन्धनको सहमतिको प्रभाव परेर राजनीतिक मोलतोलले काम गर्‍यो भनिन थालिएको छ ।

राजनीतिमा अपराधिकरण र अपराधमा राजनीतिकरण गरिएका बारेमा हुने गरेका चर्चालाई मद्दत गरेको छ यसले । भुटानी शरणार्थी प्रकरणले भित्री भेद खोल्यो । ललिता निवास प्रकरणले पुष्टि गर्‍यो र सुन काण्डले छर्लङ्गै देखायो । महराका बाबु-छोराको अनुहार र सम्बन्ध संसारका सामु विस्कुन सुकाएझै भएको छ । जो जेलमा परे, उनीहरुको विषय बेग्लै भयो । जो भागेका छन्, उनीहरु पनि अवस्था हेरेर आउलान् वा उतै बस्लान् । तर सरकारी साथ पाएर अहिले चोखो बनेर हिडेकाहरु कुनै न कुनै बेला अवश्य समातिएलान् नै । कानुनको हात लामै हुन्छ, भनिन्छ । देर होला, तर अन्धेरचाहिँ नहोला भन्नेको अभाव छैन समाजमा । सहमतिका नाममा बदमासी गर्नेहरुको पालो अवश्य आउँछ, तर पर्खन पर्छ ।

# ऊर्जा विकास मार्गचित्रमा निजी क्षेत्रका अपेक्षा





अर्थ संवाद

● मोहनकुमार डाँगी

मार्गचित्र ल्याउँदा विद्युत् उत्पादनको लक्ष्यअनुसार अधिकतम बजेट र प्रसारण लाइन तथा सबस्टेसनलाई समेत बजेट व्यवस्था गरी समयमै सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुपर्छ

यति वेला ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ऊर्जा विकाससम्बन्धी नयाँ मार्गचित्र (रणनीति) ल्याउने तयारीमा छ। यसअघि पनि पटक-पटक ऊर्जा विकाससम्बन्धी विभिन्न नीति आएका थिए। तर, त्यसको कार्यान्वयन भने राम्रो भएन। अहिले सरकारले सन् २०३५ लाई लक्षित वर्ष मानेर ऊर्जा क्षेत्रको विकासका लागि नयाँ मार्गचित्र बनाउँदै छ। यो क्षेत्रको विकासका लागि सरकारले केही प्रभावकारी नीति ल्याउनुपर्छ भन्ने माग निजी क्षेत्रको पनि थियो। त्यो मार्गचित्र ल्याउने प्रक्रियामा सरकार गएको छ। यो स्वागतयोग्य विषय हो। साथै, यसको सफल कार्यान्वयन हुनेमा आशावादी पनि छौँ।

निजी क्षेत्रले उठाउँदै आएका केही मुद्दा उक्त मार्गचित्रले सम्बोधन गर्नुपर्छ भन्ने हाम्रो माग छ। नेपालको जलविद्युत् विकासमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहँदै आएको छ। जलविद्युत् उत्पादनमा त निजी क्षेत्रको हिस्सा आधाभन्दा बढी छ। समग्रमा निजी क्षेत्रको उपस्थिति विनाऊर्जा क्षेत्रको विकास सोचेअनुरूप गर्न सम्भव छैन। तर, ऊर्जा विकासमा ठूलो योगदान गर्दै आएको निजी क्षेत्रले भने विभिन्न समस्या झेल्दै आएको छ। मन्त्रालयले बनाउन लागेको उक्त मार्गचित्रले त्यस्ता समस्यालाई समाधान गर्ने गरी विभिन्न नीतिगत व्यवस्था गर्छ भन्नेमा निजी क्षे

ऊर्जा क्षेत्रका समस्या : अहिले लगानी अभाव, स्थानीयको अवरोधलगायतका कारण जलविद्युत् आयोजना, प्रसारण लाइन तथा सबस्टेसन निर्माणमै समस्या छ। आयोजनासम्म पहुँच मार्ग बनाउन पनि समस्या छ। त्यसमाथि जग्गा खरिदमा हुने हदबन्दीका कारणले पनि हामीलाई काम गर्न गाह्रो भएको छ। प्रोबाबिलिटी अफ एक्सिडेन्स अर्थात् पिओई आधारमा विद्युत् खरिद बिक्रीको दररेट निर्धारणमा नीतिगत व्यवस्था पनि छैन।

यस्तै, १०० मेगावाटभन्दा माथिका आयोजनाहरूमा १७ प्रतिशतको रिर्टन अन इक्युटीको प्रावधानले बैंक ऋण तथा स्वलगानीमा समस्या भइरहेको छ।

साथै, अहिले विद्युत् खपत नहुने समस्या पनि देखिएको छ । उत्पादन भएको विद्युत् खेर गइरहेका छन्। बजार खोजी गर्ने विषयमा उचित कदम उठाउन सकिएको छैन।

विद्युत्को बजार विस्तार भएको छैन। निजी क्षेत्रले विद्युत् व्यापार गर्छु भन्दा पनि नदिएको अवस्था छ। समय सापेक्ष विद्युत् ऐन जारी गर्न सकिएको छैन।

अहिले एउटा आयोजना बनाउनुपरे सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौँ टेबल धाउनुपर्ने बाध्यता छ। ऊर्जा, वन, भूमिसुधार, अर्थ, गृह, उद्योग र रक्षाजस्ता सरोकारवाला मन्त्रालयबीच समन्वय हुन सकेको छैन। वन तथा वातावरणसम्बन्धी नीतिनियम तथा ऐन कानुन विद्युत् विकासमैत्री छैनन्। यस्तै, सरकारी जग्गा प्राप्ति तथा रुख कटानका लागि मन्त्रिपरिषद्बाट पारित भएपछि पनि कार्यान्वयनमा समस्या आइरहेको छ। एकातिर ०७६ सालदेखि आरओआर आयोजनाको पिपिए रोकिएको छ। बीचमा कोटा थप गरेर १५ सय मेगावाटको पिपिए खुलाइएको छ। तर, अझै १२ हजार मेगावाट क्षमताका आयोजनाको पिपिए हुन सकेको छैन। भएकै पिपिए र ग्रिड कनेक्सन सम्झौता पनि राम्रोसँग कार्यान्वयन भएको छैन।

**एउटा आयोजना बनाउनुपरे सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौँ टेबल धाउनुपर्ने बाध्यता छ । ऊर्जा, वन, भूमिसुधार, अर्थ, गृह, उद्योग र रक्षा मन्त्रालयबीच समन्वयन पनि छैन ।**

त्यसमाथि लामो समयदेखि पिपिएदर परिवर्तन भएको छैन। पिपिएदर स्थिर हुँदा स्वाभाविक रूपमा आयाजनाहरूको आम्दानी पनि फिक्स्ड नै हुन्छ। तर, बैंकको ब्याजदर भने परिवर्तनशील छ। यस्तै, स्थानीयस्तरबाट आयोजनामा हुने आक्रमणका घटनाले पनि निजी क्षेत्र निरुत्साहित भएको छ। यस्ता समस्याले जलविद्युत्को विकास गर्न बाधा भइरहेको छ। यस्ता समस्यालाई समाधान गर्ने गरी ऊर्जा विकासको मार्गचित्र ल्याउनुपर्छ।

के हो त समाधान ? : ऊर्जा विकासमा देखिएका यस्ता समस्यालाई समाधान गर्न सरकारले ऊर्जा संकटकाल नै घोषणा गर्नुपर्छ।

जलविद्युत्को विकासमा वन, वातावरण, भूमिसम्बन्धी कानुनले बाधा पुर्‍याउँदै आएको छ। अब ऊर्जा संकटकाल लगाएर उक्त कानुनमा भएका बुँदा खारेज गरी निजी क्षेत्रका प्रवर्द्धकहरूलाई केही समय निर्वाध रूपमा काम गर्न दिनुपर्छ। यो विषय संसद्बाट नै अनुमोदन गर्नुपर्छ। साथै, तत्काल विद्युत् ऐन जारी गरेर समय सान्दर्भिक बनाउनुपर्छ। त्यसमार्फत निजी क्षेत्रलाई आन्तरिक तथा बाह्य विद्युत् व्यापार गर्न अनुमति दिने व्यवस्था गर्नुपर्छ।

वन ऐन २०७६ र वातावरण संरक्षण ऐन २०७६ लाई संशोधन गर्न बनेका केही नेपाल ऐन संशोधन प्रस्तावलााई संशोधन गर्नुपर्छ। त्यसले ल्याएका नीतिका कारण हामीले ऊर्जा क्षेत्रबाट हात झिक्नुपर्ने अवस्था आउन सक्छ। यसमा सरकारको ध्यान जान आवश्यक छ। यसैगरी, सात मन्त्रालय, २३ विभाग र सयौँ टेबुल धाउनुपर्ने बाध्यताको अन्त्य गर्न एकद्वार प्रणालीको व्यवस्था गर्नुपर्छ। यस्तै, वन क्षेत्रको जग्गा उपयोग र रुख कटानको स्वीकृत आइइई र इआइएअनुसार जिल्ला वन कार्यालयले स्वीकृति दिने व्यवस्था गर्नुपर्छ। आइइई र इआइएमा उल्लेख भएअनुसार रुख कटानी गर्न पुनः स्वीकृति लिने व्यवस्था र यसमा भएका झन्झटिला प्रक्रिया पनि हटाउनुपर्छ। अहिले परियोजना निर्माणमा आउने ठूलो बाधा वन र वातावरणसम्बन्धी पनि हो। तसर्थ, यसबारे सरकारले गम्भीर रूपमा सोच्न आवश्यक छ।

निजी क्षेत्रलाई जलविद्युतमा प्रोत्साहन गर्न आयोजना निर्माण सम्पन्न भएको १० वर्षसम्म शतप्रतिशत र बाँकी १० वर्ष ५० प्रतिशत कर छुट दिने नीति ल्याउनुपर्छ। साथै, आयोजनाका अनुमति-पत्रको समयावधि ५० वर्ष बनाउनुपर्छ। अहिले ३० वर्षको लाइसेन्स अवधि हुँदा प्रवर्द्धकहरूले उचित प्रतिफल लिन सकेका छैनन्। तसर्थ, लाइसेन्सको समयावधि बढाउनुपर्छ। सम्पूर्ण विद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता पनि तत्काल खुलाउनुपर्छ। यति मात्र होइन, विद्युत् खपत वृद्धिका लागि गुणस्तरीय तथा सर्वसुलभ विद्युत् वितरण प्रणाली बनाउने, विद्युत् आयोजनाहरूमा विशेष सुरक्षा व्यवस्था गरिदिने, सेयरको लकिङ पिरियड हटाउने र आयोजनाको अवधिपछि सर्वसाधारणको लगानी स्पष्ट पार्ने विषय पनि ऊर्जा विकास मार्गचित्रमा आउनुपर्छ।

एउटा आयोजना बनाउनुपरे सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौँ टेबल धाउनुपर्ने बाध्यता छ। ऊर्जा, वन, भूमिसुधार, अर्थ, गृह, उद्योग र रक्षा मन्त्रालयबीच समन्वयन पनि छैन।

कस्तो आउनुपर्छ मार्गचित्र ? : सरकारले ऊर्जा विकासको मार्गचित्र ल्याउने भएमा त्यसलाई सफल रूपमा कार्यान्वयन गर्न उचित बजेटको पनि व्यवस्था गर्नुपर्छ। सरकारले अब जति विद्युत् उत्पादन गर्ने लक्ष्य लिन्छ, सोहीअनुसार अधिकतम बजेटको व्यवस्था गर्नुपर्छ। साथै, आवश्यकताअनुसार प्रसारण लाइन तथा सबस्टेसनमा पनि चाहिने बजेट व्यवस्था गरी समयमा नै सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्नुपर्छ।

यसैगरी, आगामी दिनमा निजी क्षेत्रलाई विद्युत् आयोजना र नेपाल विद्युत् प्राधिकरणलाई प्रसारण लाइन र सबस्टेसनजस्ता पूर्वाधार निर्माणमा प्रोत्साहन गर्नुपर्छ। जलविद्युत् विकासको जिम्मेवारी निजी कम्पनीलाई नै दिँदा राम्रो हुन्छ। निजी क्षेत्रले काम गर्दा कम लागतमा छिटो आयोजना बनाउन सक्छन्। त्यसले लागत कम पर्न जान्छ। प्रसारण लाइन निर्माणमा प्राधिकरणसँग अनुभव पनि छ। तसर्थ, यसमा प्राधिकरण नै बढी अग्रसर हुनुपर्छ।

अहिले प्रसारण लाइनलगायतका पूर्वाधार पर्याप्त नहुँदा धेरै ट्रिपिङ, विद्युत् जाने समस्या छन्। तसर्थ, यसलाई बेवास्ता गर्नुहुँदैन। उत्पादन र पूर्वाधार निर्माणको काम सँगसँगै अघि बढाउनुपर्छ। साथै, जलविद्युत् र प्रसारण लाइनको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सहज रूपमा स्वीकृति गर्ने नीति ल्याउनुपर्छ।

आयोजनाको स्थायी तथा अस्थायी संरचना निर्माणका लागि आवश्यक जग्गा कम्पनीले यकिन गरेपछि सरकारले उचित मुआब्जा तोकेर जग्गा अधिग्रहणमा पहल गरिदिनुपर्ने हुन्छ। स्थानीय जनतालाई प्रत्यक्ष रूपमा सेवा पुग्ने गरी पहुँच सडक मार्गको छनोट गर्नुपर्ने र सो निर्माणको क्रममा स्थानीय, प्रदेश तथा संघीय सरकारकोसमेत सहलगानीमा निर्माण गर्नुपर्ने नीति मार्गचित्रमा आउनुपर्छ।

यस्तै, सरकारले विद्युत् खपतका लागि ठूला उद्योगहरू (जस्तै सिमेन्ट, फर्टिलाइजर, मल, फलाम र डन्डी आदि) स्थापनामा विशेष जोड दिनुपर्छ। साथै, त्यहाँ विद्युतीय पूर्वाधार पनि बनाइदिनुपर्छ। विद्युत् खपतको वृद्धिसँगै ग्रार्हस्थ तथा ठूला उद्योगहरूले तिर्नुपर्ने विद्युत् महसुलदर पनि घटाउनुपर्ने आवश्यकता पनि देखिएको छ। यसैगरी, सरकारले नेपाल राष्ट्र बैंकसँग समन्वय गरी बैंक तथा वित्तीय संस्थाहरूले ऊर्जा क्षेत्रमा गर्नुपर्ने न्यूनतम लगानीको प्रतिशतमा वृद्धि गर्नुपर्ने व्यवस्था पनि यसैमार्फत ल्याउनुपर्छ।

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले निर्माण गरेका सबस्टेसनलाई नेपाल विद्युत् प्राधिकरणले समन्वय गरी आयोजनाबाट उत्पादित विद्युत् कनेक्सन विन्दुमा नै मिटरिङको व्यवस्था गर्नुपर्ने नीति ल्याउनुपर्छ।

(डाँगी स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानका वरिष्ठ उपाध्यक्ष हुन्) -नयाँ पत्रिका

# गुल्मी अस्पतालमा बालिकाको मृत्युपछि तनाव



गुल्मी, १२ भदौ

गुल्मी अस्पतालको लाहापरवाहीले एकजना बिरामीको ज्यान गएको छ।

अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका वडा नम्बर ०७ काउले निवासी राजेश मरासिनीकी छोरी सात बर्षिय प्रशंसा मरासिनीको मंगलबार बिहान ७:४५ बजे मृत्यु भएको हो।

प्रशंसाका आफन्त देवीराम पन्थीका अनुसार बच्चालाई सोमबार बिहान ११ बजे गुल्मी अस्पताल ल्याइएको हो । सामान्य पेट दुखेर अस्पताल ल्याएको बच्चाले दिउँसो बान्ता गरेपछि भर्ना गरिएको थियो।

आज बिहान ६ बजेको समयमा बच्चा निदाएकै समयमा एक्कासि इन्जेक्सन लगाइएको थियो।

इन्जेक्सन लगाउदाबित्तिकै बच्चा बेहोस भएपछि बिरामीका आफन्तले डाक्टरलाई बोलाउन आग्रह गरे । तर नर्सहरूले समयमै डाक्टर नबोलाउदा र लाहापरवाही गर्दा इन्जेक्सन लगाएको केही समयमै बच्चाको ज्यान गएको पन्थीले बताए।

घटनाका प्रत्यक्षदर्शीले समेत रहेका धुर्कोट -०३ का वडाध्यक्ष पदम बिष्टले अस्पतालकै लाहापरवाहीले एक बच्चाले ज्यान गुमाउनुपरेको बताए ।आफू सोमबार साँझदेखि अस्पतालमै रहेको र बच्चा हिज साँझसम्म हिड्ने, खेल्ने गरेकोमा अस्पतालले लाहावरवाही गर्दा बिरामीको ज्यान गएको बताए।

अस्पतालले लाहावपरवाही गरेको भन्दै बिरामीका आफन्तले शव उठाएका छैनन्।

अस्पतालका प्रखुख डाक्टर राजेन्द्र जिसीले बच्चालाई बान्ता भएपछि भर्ना गरेपनि अन्य सबै रिपोर्ट सामान्य रहेको बताए।

---

०७७-४२०१३४
e-mail:- malpotarghakhanchi@gmail.com

नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

## मालपोत कार्यालय,अर्घाखाँची

मोठ फाँट

प.सं. :- ०८०/८१
च.नं.: ३०७

मालपोत कार्यालय अर्घाखाँचीबाट मृतक लोक बहादुर श्रेष्ठ नाउँको जग्गा श्रेस्ता कायम सम्बन्धी बिषयमा मिति २०८०/०५/१२ मा जारी भएको ३५ दिने सुचना।

यस्मा जिल्ला अर्घाखाँची साबिक पालि गा.बि.स. वडा नं. ९ हाल सन्धिखर्क गा.पा./न.पा. वडा नं.५ बस्ने चिन्तामणीको नाती खिम बहादुरको छोरा मृतक लोक बहादुर श्रेष्ठको नामममा रहेको जिल्ला अर्घाखाँची साबिक पाली गा.बि.स.मा दर्ता रहेको जग्गाधनी प्रमाणपूर्जा अनुसारको जग्गा श्रेस्ता कायम गरी पाउँ भनी यस कार्यालयमा निवेदन दिएको हुँदा निवेदक तारा कुमारी श्रेष्ठको माग बमोजिम जग्गा निजकै हकभोग भित्रको हो वा होईन? निजले यस कार्यालयमा मिसिलसाथ पेश गरेको सक्कलै जग्गाधनी प्रमाणपूर्जा अनुसार मृतक लोक बहादुर श्रेष्ठका नाममा श्रेस्ता कायम गरिदिंदा अन्य कुनै व्यक्तिको जग्गा पर्छ वा पर्दैन?उक्त जग्गा मध्ये कुनै सरकारी सार्वजनिक प्रकृतिको हो वा होईन? हालसम्म निज वा निजका बाबु /आमा/पति/पत्नी/छोरा/छोरी नाति/नातिनीले नै उक्त जग्गा भोग चलन गरेका छन, छैनन्?जग्गाधनीको नाममा उक्त जग्गा कुनै पनि व्यहोराले (राजिनामा/ बकसपत्र/ दानपत्र/ लगायत) बाट हक हस्तान्तरण भएको छ छैन?माग भए बमोजिम श्रेस्ता कायम गरिदिंदा कसैको हक मेटिन्छ,मेटिदैन?माथि भनिएको व्यहोरा अनुसारको जग्गा मृतक लोक बहादुर श्रेष्ठको नाममा श्रेस्ता कायम गर्न मिल्ने वा नमिल्ने?यदि नमिल्ने भए प्रमाण सहित ३५ दिन भित्र यस कार्यालयमा सम्पर्क गर्न आउनु होला। अन्यथा निवेदकको माग बमोजिम तपशिलको जग्गा श्रेस्ता कायम भई जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

तपशिलः

| क.सं. | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाली | ९ | ९७६ | ०-८-०-३ | खर | |
| २ | पाली | ९ | ९७८ | ०-७-२-१ | आवादी | |
| ३ | पाली | ९ | ९८० | ०-३-१-१ | आवादी | |

टिकाराम पौडेल
मालपोत अधिकृत

---

# वृक्षारोपण संगै देशकै पहिलो वडा समिति: नेपाल स्वयंसेवक संघ

**पवनराज पाण्डे**

कपिलवस्त' १२ भदौ

राष्ट्रका लागि जागौ भन्ने मुल नाराका साथ नेपाल स्वयंसेवक संघ कपिलवस्तु जिल्ला, बाणगंगा नगर समितिद्वारा आयोजित वडा स्तरीय नव समिति गठन कार्यक्रममा वृक्षारोपण संगै देशकै पहिलो वडा समिति मंगलवार कपिलवस्तुको बाणगंगा वाड नं. ९ मा सम्पन्न भएको हो।

नेपाल स्वयंसेवक संघका नगर अध्यक्ष सरीता देवी ढकालको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपाल स्वयम्सेवक संघ नेपालका केन्द्रिय अध्यक्ष खेमराज पौडेलको प्रमुख आतिथ्यता रहेको थियो।

यस्तै जिल्ला आर्थिक संयोजक पवनराज पाण्डे, भलवाड स्वास्थ्य चौकी प्रमुख जित विकास रायमाझी, नगर सचिव कल्पना कुवर खत्री, कोषाध्यक्ष मनकला गिरी लगायतको आतिथ्यतामा नव वडा समिति गठन सगै भलवाड स्वास्थ्य चौकीमा वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ।

गोपाल गिरीको अध्यक्षतामा ९ सदस्यीय वडा स्तरीय समिति गठन गरेको छ।

जसको उपाध्यक्षमा भिम ब. पुन, सचिवमा नुमलाल थारु ,स-सचिवमा कबिता पौडेल, कोषाध्यक्षमा राधा बेल्बासे रहेका छन् भने । सदस्यहरूमा केशरा गुरुङ, राधा खनाल, शोभाखर खनाल लगाएत रहेका छन्।

नव गठित पदाधिकारीहरूलाई प्रमुख अतिथि नेपाल स्वयम्सेवक संघ नेपालका केन्द्रिय अध्यक्ष खेमराज पौडेल, जिल्ला आर्थिक संयोजक पवनराज पाण्डे, नगर सचिव कल्पना कुवर खत्री, कोषाध्यक्ष मनकला गिरी लगाएत कार्यक्रमलाई सम्बोधन गर्दै सफलताको शुभकामना दिएका थिए।

त्यस्तै संघका केन्द्रीय अध्यक्ष समेत रहेका खेमराज पौडेलले देशभर एकैसाथ ७५३ वटा पालिकामै सञ्चालित समिति गठन विस्तारै गति लिइएको छ।

आज देशको पहिलो वडा सफलता पुर्वक गठन, साथै नेपाल स्वयम्सेवक संघको उद्देश्य माथि प्रकाश पार्नु भएको छ। भने कार्यक्रममा बोल्ने अधिकांस बक्ताहरूले सम्पूणर् स्वयंसेवक संगठित हुनुपर्नेमा जोड दिएका थिए।

विभिन्न सामाजिक संघसंस्थाका पदाधिकारी, स्थानीय समाजसेवी, शुभेच्छुक लगाएतको उपस्थिति रहेको कार्यक्रम मनकला गिरीको स्वागत मन्तव्य र कल्पना कुवर खत्रीको सञ्चालनमा सम्पन्न भएको थियो।



---

## माइग्रेसन सर्टिफिकेट हराएको सूचना

मेरो कक्षा १२ को माइग्रेसन सर्टिफिकेट जितपुर वाट वुटवल जाने क्रममा हराएको हुदा फेला पार्नु हुने महानुभावले निम्म ठेगाना वा नजिकको प्रहरी कार्यालयमा दिनुहुन अनुरोध गर्दछु।

नाम : छविसरा पान्डे
र.न : ७३५०१००१२
ठेगाना : शुद्दोधन गाउपालिका वडा नं १ वग्दी कपिलवस्तु
सम्पर्क नं ९८५७०२९७९३





महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

खानेपानीका मुहानहरु सफा राखौं
अनुरोधक :-
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

पानी उमालेर पिउने गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरु समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

पशुपंक्षीहरुलाई दाना,पानी दिने भाँडा नियमित रुपमा सफा गरौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

सांस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# नेपाल एयरलाइन्सको जहाज यात्रुबिना नै भैरहवाबाट दिल्ली र हङकङका उड्यो

भैरहवा, १२ भदौ




त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई ट्रान्जिट बनाएर गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट भारतको दिल्ली र हङकङको लागि उडान सुरू गरेको नेपाल एयरलाइन्सले पहिलो दिन दिल्ली र हङकङका यात्रुबिना नै उडान गरेको छ। उडानको पहिलो दिन मंगलबार नेपाल एयरलाइन्सले भैरहवाबाट दिल्ली र हङकङ जाने कुनै पनि यात्रु पाउन नसकेको जनाएको छ।

नेपाल एयरलाइन्सले काठमाडौंलाई ट्रान्जिट बनाएर उडान सुरू गर्न लागेको भन्दै सोमबारदेखि मात्रै टिकट बुकिङ खुला गरेको थियो। तर पहिलो दिनको उडानमा दिल्ली र हङकङ जाने कुनै पनि यात्रुले टिकट नकाटेको एयरलाइन्सले जनाएको छ।

नेपाल एयरलाइन्सका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रमुख माधव लोहनीले सोमबारदेखि मात्र टिकट बुकिङ खुला भएकाले टिकट काट्ने यात्रु नभएको र सिस्टममा समेत केही समस्या भएकोले मंगलबार काठमाडौं ट्रान्जिट भएर जाने यात्रु नभएको बताए।

नेपाल एयरलाइन्सले झण्डै तीन महिनादेखि मलेसियाको क्वालालम्पुरबाट गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्दै आएको छ।

राष्ट्रिय ध्वजावाहकले साप्ताहिक रूपमा मलेसियाको क्वालालम्पुरबाट उडेर भैरहवा हुँदै काठमाडौं जाने गरेको छ। यसअघि मलेसियाबाट आएका यात्रुलाई भैरहवामा झार्ने बाहेक भैरहवाबाट यात्रु चढाउने गरेको थिएन।

मंगलबारदेखि मलेसियाबाट आउने सोही जहाजमा हङकङ र दिल्ली जान पाउने गरी उडान सुरू गरे पनि गन्तव्यमा जाने एउटा पनि यात्रुले टिकट नकाटेको एयरलाइन्सले जनाएको छ।

पहिलो दिन गन्तव्यमा जाने यात्रु नभए पनि अर्को ट्रान्जिट उडान सेप्टेम्बर ५ अर्थात् यही भदौ १९ गते हुनेछ। सो दिनको टिकट बुकिङ गर्दा काठमाडौंबाट हङकङको लागि इकोनमी तर्फको भाडादर ५१ हजार ५ सय ५१ तोकिएको छ।

एयरलाइन्सका अनुसार भैरहवाबाट काठमाडौं जाँदा थप २ हजार शुल्क तिर्नुपर्छ। त्यो समेत जोड्दा भैरहवाबाट हङकङका लागि ५३ हजार ५५१ रुपैयाँ भाडादर तोकिएको छ। त्यस्तै विजनेस क्लासमा २ हजार थप समेत गरी भैरहवादेखि हङकङका लागि १ लाख १ हजार १४ रुपैयाँ टिकट दर तोकिएको छ।

सेप्टेम्बर ५ कै लागि काठमाडौंबाट दिल्ली उडान गर्दा इकोनमी क्लासमा ११ हजार २२७ रहेकोमा भैरहवादेखि काठमाडौंसम्मको थप २ हजार गरी १३ हजार २२७ रुपैयाँ तोकिएको छ।

एयरलाइन्सले हरेक मंगलबार बिहान ८:१५ मा मलेसियाबाट भैरहवा आउने र यात्रु झार्ने र चढाउने गरी काठमाडौं जानेछ।पहिलो दिन भने निर्धारित समयभन्दा केही ढिलो गरी ९ बजे मात्रै भैरहवा अवतरण गरेर जहाज काठमाडौंका लागि उडेको थियो।

काठमाडौं ट्रान्जिट भएर जाने यात्रुले हङकङका लागि करिब २ घण्टा र दिल्लीका लागि करिब ३ घण्टा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रोकिएर सोही जहाजमा गन्तव्यमा जानुपर्ने हुन्छ।

हाल हप्ताको एकदिन मात्रै भैरहवादेखि उडान सुरू गरेको एयरलाइन्सले यात्रुहरूको चाप बढ्दै गई उडान थप गर्नुपर्ने माग भएमा मागको आधारमा उडान संख्या थप्दै जाने जनाएको छ।२०७९ जेठ २ गतेदेखि उडान सेवा सञ्चालनमा आएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कुवेतको जजिरा एयरवेजले कुवेत-भैरहवा-कुवेतका लागि सातामा तीन वटा नियमित उडान सुरू गरेको थियो।

त्यस्तै, हिमालय एयरलाइन्सले पनि मलेसियाको क्वालालम्पुरबाट भैरहवा उडान सुरू गरेको थियो। उडान सुरू गरेको केही महिनामा नै जजिरा र हिमालय दुबै एयरलाइन्सले उडान रोकेपछि निजी क्षेत्रले गुनासो गर्दै आएको छ।

विमानस्थलका अनुसार सुरूआतका दिनमा आधा दर्जन बढी एयरलाइन्स कम्पनीहरूले भैरहवा उडानको लागि चासो देखाएको बताए पनि विमान कम्पनीहरूले सेवा सुरू गरेका छैनन्।

बुद्ध जन्मस्थल लुम्बिनी र आसपासका पर्यटकीय स्थलहरूमा आउने पर्यटकलाई लक्षित गरेर बनाइएको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा पर्यटकहरू आकर्षित हुन नसक्दा सर्वसाधारणमा निराशा बढ्दै गएको छ।

रूपन्देहीका पर्यटन व्यवसायीले बौद्धिष्ट मुलुकहरूमा दैनिक रूपमा उडान गर्नुपर्ने माग गर्दै गरिरहँदा पहिलो उडानमै यात्रु नभएपछि विमानस्थलको दीगो सञ्चालन तथा व्यवस्थापनमा आशंका उब्जिएको छ।नेपाल एयरलाइन्सका गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल प्रमुख माधव लोहनीले पहिलो दिन काठमाडौंलाई ट्रान्जिट बनाएर जाने यात्रु नभए पनि अर्को हप्तादेखि यात्रुहरू पाइने बताए।

# उद्योग व्यवसायी महासंघद्वारा जिल्ला प्रशासन र राष्ट्रबैंकमा ज्ञापनपत्र



बुटवल, १२ भदौ

नेपाल उद्योग तथा व्यवसायी महासंघ लुम्बिनी प्रदेश कमिटी र जिल्ला कमिटी रुपन्देहीले उद्योगी व्यवसायीका समस्या समाधानको माग गर्दै मंगलबार संयुक्त रुपमा नेपाल राष्ट्रबैंक र जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाएका छन् ।

महासंघले राज्यले रोजगारी सिर्जन गर्ने तथा कर तिर्ने व्यवसायीहरुलाई संरक्षण गर्नुको साटो विभिन्न अभियोग लगाई धरपकड गर्ने, अनुसन्धानका नाममा हिरासतमा लिने जस्ता कार्य गरेर व्यावसायिक वातावरण खलबल्याउने काम गरेको भन्दै त्यस्तो कार्य रोकी व्यावसायिक सुरक्षाको माग गरेको छ ।

नेपाल राष्ट्रबैंकले आन्तरिक अर्थतन्त्रलाई चलायमान गराउने गरी नीतिहरु परिवर्तन गर्नुपर्नेमा सुक्ष्म तरिकाले नियन्त्रण गरी धरासायी बनाउन खोजेको भन्दै ज्ञापनपत्रमा चालुपुँजी कर्जा निर्देशकामा पुनर्विचार गर्न र बैंकको ब्याजदर घटाउन माग गरिएको छ ।

शेयर बजारमा लगाउँदै आएको १२ करोडको कर्जा सीमाको नीति खारेज र यस्तो कर्जाको जोखिम भार १०० नै कायम गरी अर्थतन्त्र चलायमान बनाउन पनि उद्योग व्यवसायी महासंघले माग गरेको छ ।

वर्तमान अवस्थामा सहकारी क्षेत्रलाई उद्दार गर्न आवश्यक संरक्षणको कार्ययोजनासहित ठोस कार्य गरी अर्थतन्त्र चलायमान बनाउन पनि ज्ञापनपत्रमा माग गरिएको छ ।

वित्तीय चेतना र सेवा बिस्तारमा लघुवित्तले पुर्याएको योगदानको कदर गर्दै सरकार र राष्ट्रबैंकले लघुवित्तीय संस्थाहरुलाई अझै व्यवस्थित रुपमा सञ्चालन गर्न दीर्घकालीन नीति ल्याउनुपर्ने माग गरिएको छ । निर्माण व्यवसायीको मागको संबोधन गर्न पनि ज्ञापनपत्रमार्फत आग्रह गरिएको छ ।

सम्बनिधत पक्षसँग बिना परामर्श हवाई टककटमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाउने नीति ल्याएको भन्दै अदालतले दिएको आदेशलाई समेत मध्यनजर गर्दै नयाँ व्यवस्था गर्न महासंघले आग्रह गरेको छ ।

सोही अवसरमा बोल्दै प्रदेश कमिटी अध्यक्ष माधव नेपालले व्यवसायीका उचित माग सम्बोधन नभएको खण्डमा चरणबद्ध आन्दोलनमा जान व्यवसायीहरु बाध्य हुने बताए । जिल्ला कमिटी अध्यक्ष माधव रेग्मीले व्यवसायीका माग संबोधन गर्नुको विकल्प नरहेको बताए ।

ज्ञापनपत्र बुझाउन महासंघ लुमिबनी प्रदेश कमिटी उपाध्यक्ष भाष्कर काफ्ले, सचिव केशवराज पन्थी, रुपन्देही जिल्ला उपाध्यक्ष शारदा भट्टराई रेग्मी, सचिव पुरुषोत्तम अर्याल, केन्द्रीय सदस्य सागर अधिकारी, बुटवल उपमहानगर कमिटी अध्यक्ष माधव खनाल, मोहनलाल पाण्डे, इशु देवकोटा, केशव ज्ञवाली, मदनप्रसाद पौडेललगायतका व्यवसायी समेत पुगेका थिए ।

सर्पको टोकाईबाट बचौं
➢ घरवरिपरी सफा राखौं, प्वालहरु टालौं,
➢ झाडी एवं खुलास्थानमा शौच नगरौं,
➢ खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
➢ लट्ठी लिएर हिंडौं,
➢ सम्भव भएसम्म खाटमा सुतौं,
➢ सुत्दा झुलको प्रयोग गरौं,
➢ सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
➢ राती हिंड्दा टर्च लाईटको प्रयोग गरौं,
➢ पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड







कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही